नेपाल सरकार
गृह मन्त्रालय

मिति २०७२ साल पुष १७ गते शुक्रवार माननीय गृह मन्त्रीज्यूको संयोजकत्वमा वसेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको वैठकका निर्णयहरु :

१. भूकम्प पिडीतहरुलाई चिसोको प्रभाववाट बचाउन न्यानो कपडा खरिद गर्नका लागि दिइने रु दश हजार वितरण कार्य अभियानकोरुपमा संचालन गरी आगामी दश दिनभित्र सम्पन्न गर्ने र यसका लागि स्रोत साधन, जिम्मेवारी र समय तालिका सहितको स्पष्ट कार्य योजना वनाई कार्यान्वयन तुरुन्त सुरु गर्ने र सो को जानकारी गृह मन्त्रालय राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रमा यथाशीघ्र पठाउन जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निर्देशन दिने,

२. न्यानो कपडा खरिद गर्नका लागि दिइने रु दश हजारका वितरण गर्नका लागि नपुग रकम रु १,५०,००,००,०००। (अक्षरेपी रु एक अरव पचास करोड मात्र) अर्थ मन्त्रालयमा निकासा माग गरिएकोमा उक्त रकम प्रधान मन्त्री दैवी प्रकोप उद्धार कोष मार्फत तुरुन्त निकासा दिन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने,

३. भूकम्पपिडीतहरुलाई चिसोवाट वचाउन राहत वितरणसंग सम्वन्धित जिल्लास्थित सवै निकाय तथा संघ संस्थाहरुले आफ्नो आफ्नो काम तथा जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा तदारुकताका साथ निर्वाह गर्ने । रकम वितरण गर्ने कार्यलाई प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीले जिल्लामा रहेका जुन सुकै कार्यालयका कर्मचारीलाई सो कार्यमा खटाउने र जिल्लास्थित सरकारी तथा गैरसरकारी क्षेत्रको स्रोत साधन परिचालन गर्ने,

४. राहत रकम वितरण गर्दा भूकम्प पिडीत परिचयपत्र प्राप्तमध्ये घर पूर्ण क्षति भई घरमा नवसी अस्थायी टहरा वा टेण्टमा वसोवास गरिरहेकालाई प्राथमिकतामा राखी वितरण गर्ने । यसरी राहत रकम वितरण गर्दा वास्तविक भूकम्पपिडीतलाई नै वितरण गर्न 'भूकम्पवाट मेरो घर पूर्ण क्षति भएको हो, यस वाहेक मेरो अन्य कुनै वसोवास प्रवन्ध छैन, म हाल अस्थायी टहरामा बसोवास गरिरहेको छु । यो विवरण झुटा ठहरे पछि मैले प्राप्त गरेको राहत रकम फिर्ता गर्नेछु र कानून बमोजिम सहने बुझाउने छु' भन्ने व्यहोराको स्वयं घोषणा कागजमा सहीछाप गराई राहत वितरण गर्ने,

५. गलत मानिसले भूकम्प पिडीत परिचयपत्र लिएका वा राहत लिएका भए/पाइएमा यस सम्वन्धमा सार्वजनिक सूचना मार्फत उजूरीहरु आह्वान गरी सूचना संकलन गर्ने र सो को छानविन गरी गलत व्यक्तिले त्यस्तो सुविधा प्राप्त गरेको भए तुरुन्त कारवाही गर्ने

६. चिसोमा वितरण गर्नका लागि झापा गोदामवाट प्राप्त भएका व्लांकेट वा जिल्लामा मौज्दात रहेका खाद्य तथा गैर-खाद्य राहत सामाग्रीहरु वा विभिन्न गैरसरकारी संघसंस्थाहरुवाट राहत वितरण गरिने कार्यक्रम रहेको सामाग्रीहरु समेत अशक्त, अपागं, सुत्केरी महिला, दलित, वृद्धवृद्धा तथा असहाय वर्गलाई प्राथमिकतामा राखी अभियाननै संचालन गरी दश दिन भित्र वितरण गर्ने,

७. चिसोवाट वढी प्रभावित सात जिल्लाहरुमा औषधीसहितको २४ वटा स्वास्थ्य टोली स्वास्थ्य मन्त्रालयले खटाइ सकेकोमा जिल्लामा थप आवश्यक पर्ने स्वास्थ्य टोली तथा थप औषधोपचारका सम्वन्धमा जिल्ला दैवी प्रकोप उद्धार समितिले गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा माग गरी पठाउने । यस मागका आधारमा चिसोको अत्यधिक प्रभाव वढन सक्ने स्थानहरुमा आवश्यक स्वास्थ्य शिविरहरुको प्रवन्ध स्वास्थ्य मन्त्रालयले मिलाउने,

८. राहत रकम वितरण स्थानीय निकायमार्फत गरिने हुदां रकम वितरण गर्दा लाग्ने प्रशासनिक खर्चको व्यवस्थापन स्थानीय विकास मन्त्रालयले मिलाउने,

९. राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र प्रमुखको नेतृत्वमा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयको विपद् सम्पर्क व्यक्ति तथा तीनवटै सुरक्षा निकायको विपद्सम्वद्ध पदाधिकारीको एक कमाण्ड पोष्ट राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रमा संचालन गर्ने र यस कमाण्ड पोष्टले निरन्तररुपमा विवरणहरु अद्यावधिक, सूचना प्रवाह तथा अनुगमन गरी यस दश दिने अभियानको समन्वय गर्ने,

२०७२।९।१७